# राष्ट्रिय बिमा नीति, २०८०

## १. पृष्ठभूमिः

नेपालमा बिमा सेवाको अभ्यास गुठीको स्वरूपमा लिच्छविकालदेखि नै रहेको पाइन्छ। मुलुकको एकीकरणपश्चात् सार्वजनिक वा सर्वसाधारणको सम्पत्ति क्षति भएको खण्डमा त्यस्तो क्षतिको अवस्था हेरी राज्यको तर्फबाट कुमारी चोक अड्डाले क्षतिपूर्ति वहन गर्ने गर्दथ्यो। वि.सं. १९९४ सालमा नेपाल बैंक लिमिटेडको स्थापना भएपछि पनि सबै प्रकारका बिमा भारतीय बिमा कम्पनीमार्फत गर्ने गरिन्थ्यो। बैंकिङ्ग प्रणालीमार्फत आयात निर्यात हुने मालसामान तथा धितो राखेको वस्तुको सुरक्षा गर्नका लागि बिमा गर्न अपरिहार्य थियो। त्यस्तो बिमाका लागि भारतीय बिमा कम्पनीहरूमा निर्भर हुनु पर्दथ्यो। उपर्युक्त पृष्ठभूमिमा मुलुकमा स्वदेशी बिमा कम्पनीको आवश्यकता महसुस गरी वि.सं. २००४ सालमा नेपाल बैंक लिमिटेडको स्वामित्वमा नेपाल माल चलानी तथा बिमा कम्पनीको स्थापना भयो। यस कम्पनीको स्थापनामार्फत नेपाली वस्तुहरूको बिमा नेपालमा नै गर्न चाहनेहरूका लागि बाटो खुला भयो।

बिमाको महत्त्व र आवश्यकता बढ्दै जाँदा सरकारी बिमा कम्पनीको रूपमा वि.सं. २०२४ सालमा राष्ट्रिय बिमा संस्थानको स्थापना भयो। यसरी स्थापना भएको कम्पनीलाई राष्ट्रिय बिमा संस्थान ऐन, २०२५ जारी गरी राष्ट्रिय बिमा संस्थानका रूपमा परिणत गरियो। बिमा व्यवसायको सुपरिवेक्षण र नियमन गरी बिमा उद्योगलाई व्यवस्थित, मर्यादित र स्वच्छ बनाउन सक्षम नियमनकारी निकायको रूपमा २०२५ सालमा बिमा समितिको स्थापना गरियो। मुलुकले उदार अर्थनीति अवलम्बन गरेपश्चात् बिमा क्षेत्रमा निजी बिमा कम्पनीहरू समेत सञ्चालनमा आएकोले सशक्त र स्वायत्त बिमा नियमनकारी निकायको आवश्यकता महसुस गरी बिमा ऐन, २०४९ बमोजिम बिमा समितिको रूपमा छुट्टै संस्था स्थापना गरियो।

बिमा क्षेत्रको विकाससँगै बिमा कम्पनीको सङ्ख्या, बिमा व्यवसायको गुणात्मक अभिवृद्धि, प्रविधिमा आएको परिवर्तन र बिमा क्षेत्रको व्यावसायिक वातावरणबाट सृजित समस्या तथा चुनौती सम्बोधन गर्ने उद्देश्यले बिमा ऐन, २०७९ जारी गरी साबिकको बिमा समितिलाई नेपाल बिमा प्राधिकरणमा रूपान्तरण गरिएको छ।

मानव जीवन, व्यवसाय, सम्पत्ति र दायित्वमाथि सिर्जना हुनसक्ने जोखिमको वित्तीय सुरक्षा प्रदान गर्ने कार्यमा बिमा क्षेत्रको महत्त्वपूर्ण भूमिका रहन्छ। नेपालमा बिमा सेवाको अभ्यास लामो समयदेखि हुँदैआएको छ। मुलुकको आवधिक योजना र वार्षिक बजेटमा बिमा सम्बन्धमा विभिन्न नीतिगत व्यवस्था उल्लेख हुँदै आएको छ। तथापि हालसम्म राष्ट्रियस्तरमा छुट्टै बिमा नीति तर्जुमा हुन सकेको छैन।

## २. विगतमा भएका प्रयासः

बिमा व्यवसायलाई व्यवस्थित र मर्यादित ढङ्गले सञ्चालन गर्ने उद्देश्यले २०२५ सालमा बिमा समितिको स्थापना गरी बिमा ऐन, २०२६ प्रचलनमा ल्याइयो। बिमाको आवश्यकता, दायरा र क्षेत्र विस्तार हुँदै गएको अवस्थामा मुलुकले आर्थिक उदारीकरणको नीति अवलम्बन गर्दा बिमा बजारमा निजी बिमा कम्पनीहरूको सङ्ख्यासमेत वृद्धि हुँदै गयो। फलस्वरूप बिमा क्षेत्रलाई थप व्यवस्थित ढङ्गले सञ्चालन गर्न तथा त्यसको नियमन गर्न बिमा ऐन, २०२६ लाई परिमार्जन गरी बिमा ऐन, २०४९ जारी गरियो। बिमा क्षेत्रको सुदृढीकरण एवम् बिमा व्यवसायको नियमन कार्यलाई थप प्रभावकारी बनाउने उद्देश्यले साबिकको बिमा ऐन २०४९ मा महत्त्वपूर्ण सुधारसहित

बिमा ऐन, २०७९ जारी गरी एक स्वशासित र स्वायत्त संगठित संस्थाको रूपमा बिमा प्राधिकरणको स्थापना गरियो। उक्त ऐनबमोजिम स्थापित नेपाल बिमा प्राधिकरणले आवधिक बिमा रणनीति तयार गरी योजनाबद्ध ढङ्गले बिमा क्षेत्रको विकास, विस्तार, नियमन तथा सुपरिवेक्षणको कार्य गर्दै आएको छ।

सरकारले बिमा क्षेत्रको विकास र विस्तारका लागि आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रममार्फत विभिन्न कार्यक्रम कार्यान्वयन गर्दै आएको छ। बिमा सेवाको पहुँच विस्तार गर्दै लगिएको छ। साथै, पशु तथा बाली बिमा, सहुलियतपूर्ण कर्जा बिमा र स्वास्थ्य बिमाजस्ता कार्यक्रम कार्यान्वयनमा रहेका छन्।

**३. विद्यमान अवस्थाः**

बिमा वित्तीय प्रणालीको एउटा महत्त्वपूर्ण स्तम्भको रूपमा रहेको छ। बिमा व्यवसाय जटिल, प्राविधिक र संवेदनशील विषय हो। जीवन बिमा, निर्जीवन बिमा तथा पुनर्बिमा गरी नेपालमा तीन किसिमका बिमा व्यवसाय सञ्चालनमा छन्। हाल नेपालमा जीवन र निर्जीवन बिमा कम्पनी १४-१४ वटा, पुनर्बिमा कम्पनी दुईवटा र लघुबिमा कम्पनी ७ वटा सञ्चालनमा रहेका छन्। स्वामित्व संरचनाको आधारमा मुलुकमा सरकारी, निजी, विदेशी शाखा र संयुक्त लगानी गरी चार प्रकारका बिमा कम्पनी सञ्चालनमा रहेका छन्। वैदेशिक लगानी रहेको बिमा कम्पनीको सङ्ख्या जीवन बिमामा दुई र निर्जीवन बिमामा तीन रहेका छन्। हाल करिब ४४ प्रतिशत जनसङ्ख्यामा बिमाको दायरा विस्तार भएको छ।

**४. समस्या तथा चुनौतीः**

विश्वव्यापी रूपमा वित्तीय क्षेत्रमा देखिएका समस्या खासगरी बिमाको दायरा विस्तार र प्रविधिगत परिवर्तनको कारण सिर्जना हुनसक्ने जोखिम वहन गर्नसक्ने गरी बिमा क्षेत्रको विकास गर्नु यस क्षेत्रको प्रमुख चुनौती रहेको छ। हाल बिमा क्षेत्रमा देखिएका प्रमुख समस्या निम्नानुसार रहेका छन्:

(क) बिमा क्षेत्रको दायरा तथा पहुँच अपेक्षित स्तरमा विस्तार हुन नसक्नु,
(ख) बिमा शिक्षालाई प्रभावकारी बनाइ सीमान्तकृत तथा पिछडिएको क्षेत्रमा जनचेतना अभिवृद्धि गर्न नसक्नु,
(ग) बिमितले आधुनिक र प्रतिस्पर्धी बिमा सेवा सरल र सहज रूपमा प्राप्त गर्न नसक्नु,
(घ) बिमा व्यवसायमा सुशासनको अवस्था अपेक्षित रूपमा सुदृढ हुन नसक्नु,
(ङ) बिमा क्षेत्रको नियमन क्षमता अपेक्षित रूपमा सुदृढ हुन नसक्नु,
(च) गरिबी न्यूनीकरण तथा रोजगारी सिर्जनामा बिमा क्षेत्रको योगदान न्यून रहनु,
(छ) बिमा व्यवसायमा नवीनतम प्रविधिको प्रयोग न्यून रहनु।

**५. नीतिको आवश्यकताः**

वित्तीय क्षेत्रको विकास एवम् विस्तारसँगै नागरिकमा बिमा क्षेत्रको समेत पहुँच अभिवृद्धि हुँदै गएको छ। बिमा क्षेत्रको विस्तारसँगै बिमा व्यवसायको प्रभावकारिता अभिवृद्धि गर्दै यसलाई सरल, सहज, प्रविधिमैत्री, प्रतिस्पर्धी र अन्तर्राष्ट्रियस्तरको बनाउने चुनौती थपिएको छ। साथै, दुर्गम तथा पिछडिएको क्षेत्रमा समेत बिमा व्यवसायको पहुँचलाई स्थापित गर्दै लैजानुपर्ने आवश्यकता रहेको छ। त्यसैगरी, बिमितको हक हितको संरक्षण गर्दै बिमा व्यवसायलाई अझ बढी सुरक्षित र भरपर्दो बनाउनुपर्ने देखिन्छ।

मुलुकमा बिमा व्यवसाय सञ्चालनमा आएको सात दशक नाघिसक्दासमेत छुट्टै राष्ट्रिय बिमा नीति तर्जुमा हुन सकेको छैन। हालसम्म पनि बिमा क्षेत्रलाई नियमन तथा मार्गदर्शन गर्ने छाता नीति नहुँदा बिमा व्यवसायमा देखिएका समस्या तथा चुनौतीको यथोचित सम्बोधन हुन सकेको देखिँदैन। त्यसैगरी, बिमा क्षेत्रको कानूनी र संस्थागत विकास गर्न र सो क्षेत्रमा हुने गरेका गलत अभ्यासलाई न्यूनीकरण गर्न एकीकृत बिमा नीतिको आवश्यकता महसुस गरिएको छ। साथै, बिमा व्यवसायमा आबद्ध जनशक्तिको क्षमता विकास गर्न, आधुनिक सूचना प्रविधिको प्रयोग गरी बिमा सेवालाई छरितो, गुणस्तरीय र प्रभावकारी बनाउन, अन्तर्राष्ट्रिय अभ्यास तथा मापदण्ड अनुरूप बिमा क्षेत्रमा भइरहेको विकास, विस्तार र विविधीकरण एवम् प्रवर्धन गर्नसमेत बिमा नीतिको आवश्यकता रहेको छ।

६. **सोचः "सहज पहुँचयुक्त, विश्वसनीय, सुदृढ र गुणस्तरीय बिमा प्रणालीको विकास"**

७. **लक्ष्यः प्रतिस्पर्धी र विश्वसनीय बिमा प्रणालीको विकास एवम् विस्तार गरी बिमा क्षेत्रमा संस्थागत सुशासन कायम गर्ने।**

८. **उद्देश्यः**

(क) बिमा सेवाको गुणस्तर अभिवृद्धि गरी आधुनिक तथा दिगो बिमा प्रणालीको विकास गर्ने,

(ख) जीवन, सम्पत्ति तथा दायित्वको जोखिम न्यूनीकरण गर्दै सबल अर्थतन्त्र निर्माणमा योगदान पुऱ्याउने र

(ग) बिमितको हकहित संरक्षण गर्ने।

९. **नीतिः**

९.१ बिमा क्षेत्रलाई अर्थतन्त्रको महत्त्वपूर्ण आधारस्तम्भको रूपमा विकास गर्ने।

९.२ बिमा सेवालाई सरल, सहज, पहुँचयोग्य, विश्वसनीय र समावेशी बनाउने।

९.३ बिमा सेवालाई आधुनिक र प्रतिस्पर्धी बनाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप विकास गर्ने।

९.४ बिमा क्षेत्रको संस्थागत सुदृढीकरण, विकास तथा विस्तार गर्ने।

९.५ बिमा क्षेत्रमा संस्थागत सुशासन अभिवृद्धि गर्ने।

९.६ बिमालाई वित्तीय स्थायित्व कायम गर्ने सशक्त औजारको रूपमा विकास गर्ने।

९.७ बिमा क्षेत्रलाई दिगो विकास र गरिबी न्यूनीकरण नीतिसँग आबद्ध गर्ने।

१०. **कार्यनीतिः**

१०.१ नीति ९.१ (**बिमाक्षेत्रलाई अर्थतन्त्रको महत्त्वपूर्ण आधारस्तम्भको रूपमा विकास गर्ने**) सँग सम्बन्धित

(क) बिमा सेवा विस्तार गरी मानव जीवन, व्यवसाय सम्पत्ति र दायित्वमा आइपर्न सक्ने जोखिमको वित्तीय सुरक्षा प्रदान गर्ने।

(ख) मुलुकका ऐतिहासिक सम्पदा, सरकारी सम्पत्ति र सार्वजनिक दायित्वको बिमा गरी राज्यको व्ययभार कम गर्ने।

(ग) विपद् व्यवस्थापन, सामाजिक सुरक्षा, स्वास्थ्य सेवा, पूर्वाधार विकास र सरकारी तथा सार्वजनिक सम्पत्तिसमेतलाई क्रमशः बिमामा आबद्ध गर्ने।

(घ) बिमा व्यवसायको लगानीयोग्य रकमलाई राष्ट्रिय पूर्वाधार विकास र उत्पादनशील क्षेत्रमा केन्द्रित रहि परिचालन गर्ने।

(ङ) बिमा सेवालाई उत्पादनमूलक क्षेत्रमा विस्तार गर्ने।

(च) बिमा व्यवसायको विकास र विस्तारका लागि प्रदेश, स्थानीय तह तथा निजी क्षेत्रसँग सहकार्य गर्ने।

१०.२ नीति ९.२ **(बिमा सेवालाई सरल, सहज, पहुँचयोग्य र समावेशी बनाउने)** सँग सम्बन्धित

(क) बिमा सेवाको विविधीकरण गरी स्थानीय तहसँगको समन्वयमा बिमाको पहुँच विस्तार गर्ने।

(ख) बिमा विषयलाई औचित्यका आधारमा विद्यालय तथा उच्च शिक्षाको पाठ्यक्रममा क्रमशः समावेश गर्दै जाने।

(ग) सबै सेवाग्राहीमा बिमाको पहुँच पुर्‍याउने गरी बिमा सेवा प्रदायक तथा मध्यस्थकर्ताको भूमिका व्यवस्थित तथा सुदृढ गर्ने।

(घ) बिमा दावी भुक्तानी प्रक्रियालाई आधुनिक प्रविधिमैत्री बनाउने।

(ङ) बिमामा विद्युतीय भुक्तानीलगायत वैकल्पिक वितरण प्रणालीको विकास गर्ने।

(च) प्रदेश, स्थानीय तह तथा अन्य सरोकारवालाको समन्वयमा बिमा साक्षरता कार्यक्रम सञ्चालन गरी बिमाको प्रचारप्रसार गर्ने।

(छ) लैङ्गिक, जातीय, भौगोलिक तथा आर्थिक रूपमा सीमान्तकृत समुदायका लागि विशेष कार्यक्रममार्फत बिमा सेवा उपलब्ध गराउने।

१०.३ नीति ९.३ **(बिमालाई आधुनिक र प्रतिस्पर्धी बनाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप विकास गर्ने)** सँग सम्बन्धित

(क) बिमकको प्रतिस्पर्धी क्षमता अभिवृद्धि गरी बिमितको हकहित संरक्षण गर्ने।

(ख) बिमा क्षेत्रमा अन्तर्राष्ट्रियस्तरको लेखा प्रणाली अवलम्बन गर्ने।

(ग) विश्वव्यापी रूपमा स्वीकार्य बिमाका मूलभूत सिद्धान्तलाई प्रभावकारी रूपमा अवलम्बन गर्ने।

(घ) अन्तर्राष्ट्रिय असल अभ्यास अनुरूप बिमाको मापदण्ड तयार गरी सो अनुरूप आधुनिक बिमा प्रणालीको विकास गर्ने।

(ङ) बिमासँग सम्बन्धित अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरूसँग सहयोग आदान प्रदान गर्ने।

१०.४ नीति ९.४ **(बिमा क्षेत्रको संस्थागत सुदृढीकरण, विकास तथा विस्तार गर्ने)** सँग सम्बन्धित

(क) बिमा नियमनकारी निकायको सुदृढीकरण गरी सबल, सक्षम र जवाफदेही बनाउने।

(ख) बिमा क्षेत्रका सुधारका लागि आवधिक योजना, मापदण्ड तथा कार्यक्रम तयार गरी लागु गर्ने।

(ग) सामाजिक सुरक्षा व्यवस्थालाई सुदृढ एवम् दिगो बनाउन बिमा व्यवसाय प्रवर्धन गर्ने।

(घ) बिमकको संस्थागत क्षमता अभिवृद्धि गर्ने।

(ङ) बिमा क्षेत्रको विकास, विस्तार र विविधीकरणका लागि अनुसन्धान तथा विकासमा जोड दिने।

(च) बिमा क्षेत्रमा दक्ष जनशक्ति विकास गर्नका लागि आवश्यकता र औचित्यका आधारमा बिमा प्रतिष्ठान, इन्स्टिच्युट तथा कलेजको स्थापना एवम् प्रवर्धन गर्न आवश्यक समन्वय एवम् सहकार्य गर्ने।

१०.५ नीति ९.५ **(बिमा क्षेत्रमा संस्थागत सुशासन अभिवृद्धि गर्ने)** सँग सम्बन्धित

(क) बिमा नियमनकारी निकाय, बिमक, बिमा मध्यस्थकर्ता तथा अन्य बिमा सेवा प्रदायकको आचारसंहिता बनाई लागु गर्ने।

(ख) बिमा क्षेत्रको नियमन क्षमता अभिवृद्धि गर्ने।

(ग) बिमा दाबी एवम् भुक्तानी प्रक्रियालाई सरल र सहज बनाउने।

(घ) बिमकको आन्तरिक नियन्त्रण प्रणालीलाई सशक्त बनाउने।

(ङ) बिमकले सामाजिक उत्तरदायित्व बहन गर्ने व्यवस्था मिलाउने।

(च) बिमा क्षेत्रमा जवाफदेहिता र पारदर्शिता कायम गर्ने।

(छ) बिमा क्षेत्रमा जोखिममा आधारित सुपरिवेक्षण प्रणाली लागु गर्ने।

(ज) नियमन तथा अनुगमन प्रणालीलाई नवीनतम सूचना प्रणालीमा आधारित बनाउने।

(झ) बिमा क्षेत्रमा हुनसक्ने ठगी एवम् जालसाजी नियन्त्रण गर्ने।

(ञ) बिमा व्यवसायमार्फत हुनसक्ने सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापलाई निरुत्साहित गर्ने।

(ट) बिमा क्षेत्रको गुनासो सुनुवाइ प्रक्रियालाई प्रभावकारी बनाउने।

(ठ) बिमा मध्यस्थकर्तालाई बिमितप्रति जिम्मेवार र जवाफदेही बनाउने।

१०.६ नीति ९.६ **(वित्तीय स्थायित्व कायम गर्ने सशक्त औजारका रूपमा बिमाको विकास गर्ने)** सँग सम्बन्धित

(क) बिमकको वित्तीय स्वास्थ्य मापन गर्न प्रमुख कार्यसम्पादन सूचक (कि परफर्मेन्स इण्डिकेटर) बनाई लागु गर्ने।

(ख) बिमा व्यवसायमा जोखिममा आधारित पुँजी व्यवस्थापन प्रणाली लागु गर्ने।

(ग) स्वदेशी पुनर्बिमा व्यवसायलाई सुदृढ तथा प्रतिस्पर्धी बनाइ विदेशी मुद्रा आर्जन गर्न सक्षम बनाउने।

(घ) बिमा क्षेत्रको जोखिम वहन क्षमता अभिवृद्धि गर्न पुनर्बिमाको दायरा विस्तार गर्ने।

(ङ) बिमा क्षेत्रको कुल धारण क्षमता वृद्धि गर्न भूकम्प, हवाई सेवा, कृषि र लघुबिमाको क्षेत्रमा सामूहिक बिमा कोष (बिमा पुल) स्थापना गर्ने।

१०.७ नीति ९.७ **(बिमा क्षेत्रलाई दिगो विकास र गरिबी न्यूनीकरण नीतिसँग आवद्ध गर्ने)** सँग सम्बन्धित

(क) दिगो विकासको लक्ष्य प्राप्ति एवम् गरिबी न्यूनीकरणमा सहयोग पुर्‍याउने गरी बिमा क्षेत्रको विकास र विस्तारको कार्यक्रम सञ्चालन गर्ने।

(ख) बिमा सेवामार्फत लघु तथा साना उद्योगको व्यावसायिक जोखिम न्यूनीकरण गरी थप रोजगारीका अवसर सिर्जना गर्ने।

(ग) जलवायु परिवर्तनबाट हुनसक्ने जोखिमलाई बिमा सेवासँग आवद्ध गर्ने।

(घ) प्राकृतिक प्रकोपबाट उत्पन्न हुने जोखिम न्यूनीकरणका लागि विशेष प्रकृतिको बिमा सेवा उपलब्ध गराउने।

(ङ) बिमालेख (बिमा पोलिसी) लाई भौगोलिक तथा सामाजिक आधारमा विविधीकरण एवम् स्थानीयकरण गर्ने।

(च) गरिबीको रेखामुनी रहेका नागरिकलाई बिमामा आबद्ध गर्ने बिमाशुल्कमा छुट जस्ता विशेष सुविधा उपलब्ध गराउने।

(छ) वातावरणीय प्रभाव र गरिबीको दृष्टिले जोखिममा रहेका व्यवसायी, साना किसान, उत्पादक समूह तथा सहकारी क्षेत्रमा बिमा सेवा विस्तार गर्ने।

(ज) विदेशमा रहेका नेपालीको बिमा गर्ने व्यवस्था मिलाउने।

**११. संस्थागत व्यवस्थाः**

राष्ट्रिय बिमा नीति, २०८० कार्यान्वयनका लागि आवश्यकताअनुसार संस्थागत संयन्त्र एवम् संगठन संरचनाको व्यवस्था मिलाउँदै लगिनेछ। नेपाल बिमा प्राधिकरणको सुदृढीकरणका साथै आवश्यकताअनुसार बिमा कम्पनी, पुनर्बिमा कम्पनी, बिमा सूचना केन्द्र, बिमित हित संरक्षण कोष, बिमा मध्यस्थकर्तालगायतका संयन्त्र स्थापना गर्दै लगिनेछ। सङ्घीय तहको अतिरिक्त प्रदेश र स्थानीय तहमा समेत कानूनबमोजिम आवश्यक संयन्त्र स्थापना गरी सञ्चालनमा ल्याइनेछ।

**१२. आर्थिक पक्षः**

बिमा क्षेत्रमा लगानीको दृष्टिले सङ्घ, प्रदेश र स्थानीय तह सबैको भूमिका महत्त्वपूर्ण रहनेछ। सरकारको अतिरिक्त निजी क्षेत्रबाट समेत लगानी परिचालन गर्न प्रोत्साहित गरिनेछ। नेपाल सरकारको विकास सहायता नीतिको अधीनमा रही बिमा क्षेत्रमा हुने सबै प्रकारका वैदेशिक सहायताको परिचालन एकद्वार प्रणालीबाट हुने व्यवस्था मिलाइनेछ।

**१३. कानूनी व्यवस्थाः**

राष्ट्रिय बिमा नीति, २०८० को प्रभावकारी कार्यान्वयनका लागि आवश्यक कानून, मापदण्ड, निर्देशिका एवम् कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

**१४. अनुगमन तथा मूल्याङ्कनः**

यो नीति कार्यान्वयनका सन्दर्भमा आवश्यक समन्वयको व्यवस्था मिलाउन तथा सम्बद्ध निकायलाई नीतिगत निर्देशन एवम् मार्गदर्शन गर्न देहायबमोजिमको निर्देशक समिति रहनेछ। निर्देशक समितिले नीति कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कनको व्यवस्थासमेत मिलाउनेछ।

| | |
|---|---|
| (क) मन्त्री, अर्थ | - अध्यक्ष |
| (ख) सचिव, अर्थ मन्त्रालय | - सदस्य |
| (ग) डेपुटी गभर्नर, नेपाल राष्ट्र बैंक | - सदस्य |
| (घ) अध्यक्ष, नेपाल बिमा प्राधिकरण | - सदस्य |
| (ङ) अध्यक्ष, नेपाल बिमक सङ्घ | - सदस्य |
| (च) अध्यक्ष, जीवन बिमक सङ्घ नेपाल | - सदस्य |
| (छ) सहसचिव, अर्थ मन्त्रालय (वित्तीय क्षेत्र हेर्ने) | - सदस्य सचिव |

**१५. जोखिम तथा जोखिम न्यूनीकरणः**

नीति कार्यान्वयनको क्रममा आउनसक्ने जोखिमलाई समयमै आकलन गरी सोको सम्बोधन गर्ने व्यवस्था मिलाइनेछ। राष्ट्रिय बिमा नीति, २०८० कार्यान्वयनका सम्भावित जोखिम र सोको न्यूनीकरणका उपायहरू देहायबमोजिम हुनसक्ने आकलन गरिएको छः

(अ) जोखिमः

(क) नेपालमा बिमा प्रणालीको विकास प्रारम्भिक चरणमा नै रहेकोले राष्ट्रिय बिमा नीति कार्यान्वयन गर्ने सन्दर्भमा सर्वसाधारणमा बिमाप्रतिको विश्वसनीयता कायम गर्न तथा सम्बद्ध विभिन्न निकायहरूबिच समन्वय, सहकार्य र स्वस्थ्य प्रतिस्पर्धा कायम गर्ने कार्य चुनौतीपूर्ण हुनसक्ने।

(ख) पुनर्बिमा क्षेत्रमा देखिएका अस्वस्थ प्रतिस्पर्धा एवम् कमजोर क्षमता सम्बोधन गर्ने कार्य चुनौतीपूर्ण हुनसक्ने।

(ग) बिमा क्षेत्रमा सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणसम्बन्धी व्यवस्था कार्यान्वयन गर्ने विषय चुनौतीपूर्ण हुनसक्ने।

(घ) बिमा व्यवसायको विकास एवम् प्रवर्धन गरी बिमामार्फत न्यून आय भएका वर्गको जीवन तथा सम्पत्तिको सुरक्षा गर्ने कार्य चुनौतीपूर्ण हुनसक्ने।

(आ) जोखिम न्यूनीकरणः

उपर्युक्त जोखिमहरूलाई देहायका उपायहरू अवलम्बन गरी न्यूनीकरण गरिनेछ।

(क) बिमासम्बन्धी कानूनमा समसामयिक सुधार एवम् परिमार्जन गर्ने।

(ख) असल अन्तर्राष्ट्रिय अभ्यास अवलम्बन गरी जोखिममा आधारित सुपरिवेक्षण प्रणाली लागु गर्ने।

(ग) बिमक तथा बिमा मध्यस्थकर्ताहरूको निरीक्षण तथा अनुगमन कार्यलाई थप प्रभावकारी बनाई अन्तर्राष्ट्रियस्तरको बिमा सेवा प्रदान गर्ने।

(घ) बिमा क्षेत्रको नियमन व्यवस्थालाई सबल, प्रभावकारी एवम् व्यवसायिक बनाउन नियामक निकायको क्षमता अभिवृद्धि गर्दै जाने।

१६. नीति पुनरावलोकन तथा सुधारः

बिमा क्षेत्रको विकास, विस्तार र प्रवर्धनका लागि यो नीति मार्गदर्शक रहनेछ। नीति कार्यान्वयन प्रारम्भ भएको पाँच वर्षभित्र यसको समग्र मूल्याङ्कन गरिनेछ। मूल्याङ्कनबाट प्राप्त नतिजा, नीति कार्यान्वयनका सन्दर्भमा प्राप्त अनुभव र नीतिको सान्दर्भिकता, उपयुक्तता र समग्र प्रभावकारिताको आधारमा नीतिमा समसामयिक सुधार, परिमार्जन एवम् पुनरावलोकन गरिनेछ।